# नीतिगत निर्णयहरू

निर्णय नं.-१

बगनासकाली गाउँपालिकाका अध्यक्ष श्री कृष्ण प्रसाद वस्यालज्यु, बाट प्रस्तुत गरिएको बगनासकाली गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट स्वीकृत गरियो ।

निर्णय नं.-२

आ.ब. २०७३/०७४ मा साविक गाउ विकास समिति/वडा कार्यालयहरूबाट सम्पन्न भएका योजनाहरू तथा गाउँपालिका केन्द्रवाट सम्पादन भएका योजनाहरू तथा कार्यालय फर्निचर र मेशिनरी औजार लगायत खरिद सम्बन्धी कार्यको जाँचपास तथा फरफारक सम्वन्धी निर्णयहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-३

मिति २०७३।११।२७ गते गाउँपालिका स्थापना भए पछाडी सर्वदलिय वैठक, वोर्ड वैठक, गाउं कार्यपालिका वैठकले गरेका सवै निर्णय सर्वसहमतिबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-४

यस सभामा निर्णयार्थ प्रस्तुत भएका देहायका योजना एवं प्रतिवेदनहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- राजश्व परामर्श समितिको सिफारिस प्रतिवेदन, २०७४
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस प्रतिवेदन-२०७४
- बजेट तथा कार्यक्रम तयारी समितिको सिफारिस प्रतिवेदन-२०७४
- गाउँपालिका पार्श्वचित्र प्रतिवेदन-२०७३

निर्णय नं. -५

गाउँपालिकाको विकासमा महत्वपूर्ण योगदान पुर्‍याएका एवं उत्कृष्ट कार्य गर्ने उत्कृष्ठ कृषक, गै.स.स., संचारकर्मी, उपभोक्ता समिति, पर्यटन ब्यवसायी, उद्योगी, निर्माण ब्यवसायी, कर्मचारी, आमा समुह, सहकारी संस्था, युवा क्लव, साँस्कृतिक खेलकुद टोली, स्थानिय झाँकी, आदी लाई कार्यपालिकाको निर्णय अनुसार सम्मानित एवं पुरस्कृत गर्ने निर्णय गरियो ।

निर्णय नं.-६

साविकका गा.वि.स. तथा हालका वडाले विगत आ.ब. को बाँकी रहेको पेश्की फछ्र्यौट तदारूकताको साथ गर्ने साथै, पेश्की माथी थप पेश्की नदिन एवं चालु आ.ब. को पेश्की सोहि आ.ब. मै फछ्र्यौट गराउने ब्यवस्था मिलाउन गाउँकार्यपालिका र वडा कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. -७

हालै गाउँ सभाबाट बिनियोजन भएको मर्मत सम्भार कोष, विपद्व्यवस्थापन कोष, समपूरक कोष लगाएतका कोषको खर्च गर्ने कार्यमा वडाको सिफारिसमा मात्र देहाय वमोजिम अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

तपशिल

क. रू एक लाख सम्मको योजनाको हकमा अध्यक्षको तोक आदेश तथा निर्णय सदरवाट

ख. रू एक लाख भन्दा वढिको हकमा गाउ कार्यपालिकाको वोर्ड वैठकको निर्णय वाट

निर्णय नं.-८

साविक स्थानिय निकाय अर्न्तगत गाविसमा कार्यरत स्थायी अस्थाई करार ज्यालादारी कर्मचारीको हकमा स्थानिय तह संचालन आदेश २०७४ मा अर्को व्यवस्था नभए सम्म यथा स्थानमा काम काज गराउने भन्ने व्यवस्था भए वमोजिमनै गर्ने निर्णय गरियो । सँथै अव उप्रान्त स्थानीय तह ऐनले ब्यवस्था गरेकोमा सोही बमोजिम र स्थानीय ऐन नआउन्जेसम्म कार्यालय सहायकलाई मासिक रू. १५,०००।- र कार्यालय सहयोगीलाई मासिक रू. १२,०००।- पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो । उल्लेखित कर्मचारीहरूको म्याद २०७५ आषाढ मसान्तसम्म थप्ने निर्णय गरियो । साथै १० वर्ष भन्दा वढी समय का.स. कार्यालय सहायक पदमा अस्थायी वा करार पदमा कार्यरत कर्मचारीहरूलाई खाईपाई आएको रकम भुक्तानी दिने निर्णय गरियो

निर्णय नं.- ९.

गाउँपालिका तथा वडा कार्यालयले पेश गरेको जिन्सी अभिलेख विवरण माथि छलफल गरि व्यवस्थीत तरीकाले भण्डारन र लेखांकन गर्न सुभाव दिइयो ।

निर्णय नं. -१०

यस अगाडी वडा कार्यालयमा अस्थायी करार र ज्यालादारीमा कार्यरत तथा गाउँकार्यपालिकामा ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई वितरण गरिएको तलव भत्ता सुविधा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. -११

गँउँपालिका र वडा कार्यालय वाट संचालीत योजना र खर्च को फरफारक र अनुमोदन गर्ने अधिकार गाउँ कार्यपालिका कार्यकारी वोर्ड लाई दिने निर्णय गरियो ।

निर्णय नं. -१२

चालु शिर्षकको विनियोजित रकममा कुनै शिर्षकमा वढि र कुनै शिर्षकमा घटी मिलान गर्न वा सम्सोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. १३

गाउँ कार्यपालिका, गाउँ सभा, वडा वैठक, विभिन्न विषयगत समितिको वैठक लगायत आवश्यकता अनुसार वसेका विभिन्न जिम्मेवारीका वैठकमा सहभागि पदाधिकारी तथ आमान्त्रीत सदस्य समेतलाई प्रति वैठक प्रति सदस्य रू १००० का दर ले वैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. -१४

गाउँपालिकाको केन्द्र बगनासकाली वडा नं. १ को चिलाङ्कदी भन्ज्याङ्गमा तोक्ने निर्णय गरियो । साथै आवश्यक निःशुल्क/सशूल्क जग्गा खोजि तथा अध्ययन गर्नका लागि गाउँ कार्यपालिकाबाट गठन गरिएको "कार्यालय भवन जग्गा ब्यवस्थापन समिति" लाई उपयुक्त र आवश्यक जग्गाको खोज गरी कार्यपालिकामा पेश गर्न जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं. -१५

विषयगत कार्यालयका थप वजेट तथा कार्यक्रम हस्तान्तरण भई आएमा सम्वन्धीत वियगत मन्त्रालय, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको निर्देशन समेत पालना गरि छुट्टाछुट्टै तोकिएर वाँडफाँड भई आयमा सोहि बमोजिम हुने, वाँडफाँड र नतोकि आयमा कार्यपालिका वोर्डले वडा कार्यालय वाट राय परामर्श समेत माग गरि न्यायोचित र विवेकशिल निर्णय वाट तोके बमोजिम खर्च गर्ने गरी गाउँकार्यपालिका वोर्डलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.-१६

स्थानिय तह संचालन सम्वन्धी ऐन जारि भई नसकेको, स्थानिय तह संचालन सम्वन्धी आदेश २०७४ को वुँदा ३५ क र ख अनुसार गाउँपालिकामा ९ जनाको दरवन्दी, ९ वटा वडा कार्यालय अर्न्तगत ३/३ जना दरवन्दी नेपाल सरकारवाट अर्को आदेश जारी नभए सम्मका लागि रहनेछन् भन्ने व्यवस्था भए वमोजिम सोहि आदेशका आधारमा उल्लेखित दरवन्दी स्वीकृत गर्ने निर्णय गरियो साथै ति पदको पदपुर्ति के कसरी कहाँवाट हुने

भनि स्पष्ट नभएको, हाल कर्मचारीहरू काजमा मात्र खटाईएको अवस्थालाई मध्यनजर गरि पदपूर्तिको प्रक्रिया जारी हुने स्थानीय तह संचालन सम्वन्धी ऐन, वमोजिम हुने, ऐनको ब्यवस्था नहुन्जेलसम्म तत्काल नभई नहुने कार्यालय सहयोगि, चालक जस्ता पदहरूमा दैनिक ज्यालदारीमा आवश्यकता अनुसार पदपूर्ति गर्न कार्यपालिकाका कर्मचारी पदपूर्ति गर्ने निर्णयमा कार्यकारी अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.-१७

यहि २०७४ कार्तिक १ गतेवाटै लागु हुनेगरी गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र निर्माण हुने घर भवन तथा संरचनाको कानुनि प्राप्त अधिकार अन्तर्गतनै नक्शापास गर्ने कार्यलाई अनिवार्य कार्यन्वयन गर्ने साथै नक्सापास सम्वन्धमा केन्द्रले हाल तोकेका सडक लगाएतको मापदण्डलाई हुवहु लागु गर्ने र अन्य अस्पष्ट हुने मापदण्डको हकमा न्यायोचित र दिर्घकालिन हित हुने गरि गाउँ कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेगरि कार्यपालिका वोर्ड लाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.-१८

आगामी आ.व.को श्रावण १ गते वाट अनिवार्यरूपमा एकिकृत सम्पतिकर लागु गरिने त्यसको लागि आवश्यक पर्ने सफ्टवेयर खरिद गर्ने, कर्मचारीलाई तालिम प्रदान गर्ने, कार्यविधि तयार गर्ने लगायतका अन्य मुल्यांकनका आवश्यक मापदण्डको व्यवस्थापन गर्न गाउँ कार्यपालिका वोर्डले निर्णय गरे वमोजिम हुने गरि कार्यपालिकालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.-१९

संचार सुविधा अन्र्तगत गा.पा. को प्रशासनिक खर्च शिर्षकमा विनियोजित रकम वाट गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षहरूलाई  मासिक रू २,०००।- र यातायात सुविधा अन्तर्गत मासिक रू. २,०००।- का दरले उपलब्ध गराउने निर्णय गरियो । साथै गाउँपालिकाका अन्य सदस्य पदाधिकारीहरूलाई यातायात सुविधा अन्तर्गत मासिक रू. १,५००।- उपलब्ध गराउने ।

निर्णय नं.२०

संचार सुविधा अर्न्तगत गा.पा. को प्रशासनिक खर्च शिर्षकमा विनियोजित रकम वाट गाउँपालिकाका कार्यकारी अधिकृतलाई  मासिक रू ३,०००।-, गाउँपालिकाका केन्द्रका स्थायी र गा.पा. केन्द्रको दरवन्दी पदका प्राविधिक कर्मचारी एवं वडा सचिवहरूलाई मासिक रू.१,०००।- र यातायात सुविधा अन्तर्गत गा.पा. कार्यकारी अधिकृतलाई मासिक रू. १,५००।-र उल्लेखित कर्मचारीहरूलाई मासिक रू. १,०००।- का दरले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-२१

गाउँपालिकाका पदाधिकारी ज्यूहरूबाट गाउसभा तयारी तथा सम्पन्न गरे वपात आन्तरिक श्रोतबाट ब्यय हुने गरी अध्यक्ष ज्यूलाई रू. १०,०००।-, उपाध्यक्षज्यूलाई रू. ९,०००।- वडाध्यक्ष र का.पा. सदस्यहरूलाई रू. ८,०००।- र गा.पा. सदस्यहरूलाई रू. ५,०००।- का दरले तथा गाउँपालिका केन्द्रका दरवन्दी भित्रका कर्मचारी तथा वडा सचिवहरूलाई  १५ दिनको तलव वरावरको सुविधा एकमुष्ठ उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २२

गाउंपालिकाका नियमानुसार फिल्डमा खटिने प्राविधिक कर्मचारी इन्जिनियरलाई मासिक रू. ८,०००।- ( आठ हजार) र सब इन्जिनियरलाई मासिक रू.७,५००।- (सात हजार पाँचसय) कन्टेन्जेन्सीबाट ब्यय हुने गरी फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-२३

गाउँपालिकाका कार्यकारी अधिकृतलाई  आवास सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-२४

गाउँपालिका केन्द्र र वडा कार्यालयहरूमा रहेका सवारी साधन तथा मेशिनरी औजारहरूको मर्मत गर्नु परेमा कार्यकारी अधिकृतबाट मर्मत आदेश स्वीकृत गराएपछि तोकिएको स्थानमात्र मर्मत गर्ने गराउनु पर्ने निर्णय गरियो ।

निर्णय नं.२५

विपद् व्यवस्थान कोष वाट मानविय क्षतिमा रू १५ हजार, अंगभंग तथा घाईतेको अवस्था हेरी अधिकतम ५ हजार, पशु धन क्षति मा रू ५ हजार, भौतिक संरचना घरवार क्षतिमा रू २० हजार, ५० वर्ष भित्रको असाध्य रोगहरू (जस्तै क्यान्सर, मुटु रोग, मृगौला रोगी) वडा सिफारिस र डाक्टरको प्रेपकीप्सन प्रमाणको आधारमा  रू. १० हजार दिन अध्यक्षज्यूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.-२६

गै.स.स. लगायत अन्य निजि क्षेत्रवाट हाल गाउँ सभामा कुनै वजेट कार्यक्रम पेश हुन नआएको हुंदा पछि पेश हुन अएकोमा कार्यपालिकले स्वीकृति दिई संचालन गर्ने तर त्यस्ता कार्यक्रमको अनुगमन जाँच पास फरफारक समेत कार्यपालिका वाट गर्ने र वार्षिक प्रगती तयार गरि सार्वजानिकिकरण गर्ने गारि कार्यपालिका वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. -२७

गाउँपालिका केन्द्रमा कम्तिमा २ वटा सरकारी वैंक/शाखा आवश्यक परेको हुंदा सो वैंक स्थापनाको लागि नेपाल सरकार तथा राष्ट्र वैंक संग अनुरोध गर्ने साथै वैंक स्थापना सम्वन्धमा अन्य काम कार्वाहिको लागि कार्यपालिकाको निर्णय वमोजिम हुने निर्णय गरियो ।

निर्णय नं.२८

प्रदेश सरकारवाट वित्तिय वाँडफाँड तथा अन्य प्रकृयावाट हस्तान्तरण तथा थप भई आउने वजेट तथा कार्यक्रमको विनियोजन तथा खर्च कार्यपालिकाको निर्णय वमोजिम हुनेगरि कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.-२९

बगनासकाली गाउँपालिकामा सुरक्षा व्यवस्था मिलाउन इन्सपेक्टरको कमाण्ड सहितको प्रहरी कर्मचारी टिम स्थाई रूपमा खटाउने व्यवस्था तथा प्रहरी भवन निर्माण योजना स्वीकृत तथा वजेट व्यवस्थापन हुन नेपाल सरकार गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.-३०

विकासात्मक योजनाहरू  कार्यान्वियन गर्दा ३ प्रतिशत कन्टेन्जेन्सी रकम  योजना रकमबाट गाउँपालिकाले काट्नेछ, यस्तो रकम गाउ कार्यपालिकाको निर्णय अनुसार खर्च गरिने छ । योजना संचालन गर्दा सहभागितामूलक योजनामा अनिवार्य ३ प्रतिशत कन्ट्रीब्यूशन ईन क्यासमा काटिनेछ र यस्तो रकम सम्वन्धित योजनाको किस्ता रकम भुक्तानी दिंदा संगै भुक्तानी दिइनेछ ।

निर्णय नं. -३१

गाउँपालिका क्षेत्रभित्र भवन निर्माण गर्दा सडक अधिकार क्षेत्र भन्दा ५ मिटर वढी जग्गा छाडी घर/भवन निर्माण गर्न दिने निर्णय गरियो ।

निर्णय नं.-३२

उज्यालो बगनासकाली अभियानका लागि गाउँपालिका क्षेत्रभित्र रहेका जीर्ण काठका विद्युत पोलहरूलाई फलामे पोलहरूले विस्थापन गर्न प्राविधिक प्रतिवेदन र विद्युत प्राधिकरणको समन्वयमा गाउंसभाबाट गा.पा. स्तरीय कार्यक्रममा विनियोजित रू. १ करोड नियमानुसार खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.-३३

गाउंपालिका क्षेत्रभित्र रहेका खरका घरहरू आर्थिक सामाजिक कमजोरीका दृष्टिले टिन/जस्तापाताले छाउन नसक्ने विपन्न परिवारलाई रू. १५ लाख विनियोजन गरि तोकिएको कार्यविधि अनुसार खररहित घर अभियान संचालन गर्ने निर्णय गरियो । र यो अभियान वहुवर्षिय रूपमा खर विहीन घर नहुन्जेलसम्म लागू गर्ने निर्णय गरियो ।

निर्णय नं.-३४

बगनासकाली गाउंपालिकालाई सूचना तथा संचार मैत्री वनाउन उपयुक्त स्थानमा एक सामुदायिक एफ.एम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.-३५

बगनासकाली गा.पा. का नागरिकहरूको स्वास्थ्य अवस्था सुधार ल्याउन "**बगनासकाली स्वास्थ्य आवाज**" मासिक सन्देश प्रकाशन गर्ने निर्णय गरियो । गाउंपालिकाका सबै घरधुरीहरूलाई स्वास्थ्य वीमाको दायरामा ल्याउन निश्चित बजेट विनियोजन गरी वीमा अभियान शुरूवात गर्ने निर्णय गरियो ।

निर्णय नं.-३६

मातृ सुरक्षा र सुपोषणका लागि गर्भवती आमा-बच्चाको लागि स्वास्थ्य संस्थामा ४ पटक गर्भ जाँच र स्वास्थ्य संस्थामै डेलिभरी गराएमा प्रति आमा-बच्चा रू. १,०००।- उपलब्ध गराउने निर्णय गरियो । साथै यस गा.पा. लाई ५ वर्षभित्र सुन्य होम डेलिभरी घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं.-३७

फोहर मैला ब्यवस्थापनको लागि गाउंपालिकाको उपयुक्त स्थानमा ल्याण्ड फिण्ड साइट/डम्पिङ्ग साइटको स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं.-३८

बगनासकाली गाउँपालिका क्षेत्र भित्र प्रमुख समस्याको रूपमा रहेको बाँदर आतंक नियन्त्रणका लागि विशेष कार्यक्रम ल्याउने निर्णय गरियो ।

निर्णय नं.-३९

गाउंपालिका को उपयुक्त स्थानमा १५ शैयाको अस्पताल निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.-४०

बगनासकाली गाउं कार्यपालिकाबाट विभिन्न मितिमा पारित भएका तपशिल वमोजिमका कानूनहरू ऋनुमोदन गर्ने निर्णय गरियो ।

१. बगनासकाली गाउँपालिका गाउँकार्यपालिका (बैठक संचालन कार्यविधि), २०७४

२. बगनासकाली गाउँपालिका गाउँ कार्यपालिका (कार्यविभाजन नियमावली),२०७४

३. बगनासकाली गाउँपालिका गाउकार्यपालिका (कार्यसम्पादन नियमावली) २०७४

४. बगनासकाली गाउँपालिकाको गाउँसभा संचालन कार्यविधि, २०७४

५. बगनासकाली गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि, २०७४

६. बगनासकाली गाउँपालिकाका पदाधिकारीहरूको आचार संहित, २०७४

७. बगनासकाली गाउँपालिकाको आर्थिक ऐन, २०७४

८. बगनासकाली गाउँपालिकाको विनियोजन ऐन, २०७४

निर्णय नं.-४१

बगनासकाली गाउँपालिका अन्तर्गत कृषि, स्वास्थ्य, पशु, आयुर्वेद लगायत विषयगत कार्यालयहरूमा कार्यरत अस्थायी/करार कर्मचारीहरूको म्याद २०७५ आषाढ मसान्तसम्म थप्ने निर्णय गरियो ।

निर्णय नं.-४२

बगनासकाली गाउँपालिका अन्तर्गतका वडा कार्यालयमा वार्षिक विविध खर्च प्रति वडा रू. १ लाख ५० हजार मात्र सीमा निर्धारण गर्ने निर्णय गरियो । साथै उक्त रकम पेश्कीका रूपमा वडा सचिवलाई प्रथम चौमासिकमा रू. ५०,०००।-, पेश्की फछ्यौट भएपछि दोश्रो चौमासिकमा रू. ५०,०००।- र पे.फ. भएपछि अत्तिम चौमासिकमा रू. ५०,०००।- उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-४३

गाउँपालिका केन्द्रको दरवन्दीमा कार्यरत स्याथी कर्मचारी र वडा कार्यालयका स्थायी कर्मचारीहरूलाई कार्यालयको अतिरिक्त समयममा काम गरेको खण्डमा अतिरिक्त काम गरेवापत आन्तरिक श्रोतबाट ब्यय हुने गरी प्रतिदिन २ घण्टामा नवढ्ने गरी तपसिल वमोजिमको अतिरिक्त समय पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो

तपसिल :

| | | | |
|---|---|---|---|
| क) अधिकृतस्तर | - | प्रतिघण्टा | रू. १५०।- |
| ख) ना.सु. स्तर | - | „ | रू. ११०।- |
| ग) खरिदारस्तर | - | „ | रू. १०५।- |
| घ) का.सहयोगी | - | „ | रू. ५०।- |

निर्णय नं.-४४

बगनासकाली गाउँ पालिका क्षेत्र भित्र पर्ने नदी, खोलाहरूमा नदीजन्य श्रोतहरूको ठेक्का पट्टा गाउपालिका आफैले गर्ने ब्यवस्थाका लागि सम्वन्धित निकायमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं.-४५

आर्थिक सहयोगमा विनियोजित रकमबाट अध्यक्षले अवस्था हेरी वढीमा १० हजार सम्म आर्थिक सहयोग दिन सक्नेछ ।

निर्णय नं.-४६

आ.व. ०७४/०७५ भित्र नीतिद्वारा सम्वोधन गर्नु पर्ने विषयहरू छुट भएको भए समावेश गराउने अधिकार कार्यकारी वोर्डलाई दिने निर्णय गरियो ।